पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत ६ गते बुधबार ❑ 19 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पृथ्वीनारायण क्याम्पसमा स्ववियु चुनाव स्थगित

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

पोखराको पृथ्वीनारायण क्याम्पसमा स्ववियु निर्वाचन स्थगित गरिएको छ।

बिहान ८ बजेबाट हुने भनिएको मतदान मतपत्रमा अखिल छैठौंको रेजा लगाउने बक्स छुटेपछि मतपत्रमा त्रुटिका कारण हुन सकेको थिएन । निर्वाचन समितिले मंगलबार दिउँसो विज्ञप्ति निकालेर मतदान बुधबार हुने बताएको थियो।

तर मंगलबार साँझ ७ बजे अखिल छैठौं र नयाँ शक्ति विद्यार्थी युनियनले संयुक्त प्यानलसहित निर्वाचन कार्यालयमा तालाबन्दी गरेका कारण निर्वाचन प्रक्रिया अगाडि बढाउन अवरोध सिर्जना भएको छ । निर्वाचन प्रक्रिया प्रभावित भएपछि सर्वपक्षीय छलफलको आधारमा नयाँ मिति तय गरिने निर्णय गरिएको छ । निर्वाचन अधिकृत प्राडा



रामचन्द्र पोखरेलले अर्को सूचना प्रकाशित नभएसम्मका लागि निर्वाचन स्थगित गरिएको जानकारी गराएका छन्।

यसअघि स्ववियुको पदाधिकारी चयन गर्न मतदान गर्न विहान ८ बजेदेखि नै विद्यार्थीहरु क्याम्पस गेट बगर पुगेका थिए । जहाँ विद्यार्थीहरुको पर्खाई अधैर्य देखिन्थ्यो । विद्यार्थी संगठनले चुनाव बिथोल्न खोजेको भन्दै कहिले अनेरास्वविवियु त कहिले नेविसंघ अनि कहिले अखिल क्रान्तिकारीले नाराबाजी र विरोध प्रदर्शन गरेका थिए । जसले गर्दा पीएन क्याम्पसको मुख्य गेट अगाडिको क्षेत्र दिनभर तनावग्रस्त बन्यो । यस बिचमा पटक/पटक प्रहरी र विद्यार्थीबीच झडपसमेत भएको थियो । पीएन क्याम्पसमा स्वविवियु सभापतिका लागि ८ जनाको उम्मेदवारी परेको छ । सभापतिमा एमाले निकट अनेरास्वियुबाट विष्णु पोखरेल, कांग्रेसनिकट नेविसंघबाट सुशिल न्यौपाने र माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीबाट नविन अधिकारीले उम्मेदवारी दिएका छन् । सभापतिमा नेकपा एकीकृत समाजवादी निकट अनेरास्वविय, अखिल समाजवादी विप्लव र अखिल क्रान्तिकारी बहुमतको संयुक्त मोर्चाबाट सन्तोष पौडेल, अखिल छैठौंबाट मिलन सुनार र प्राज्ञिक विद्यार्थी परिषद् बाट दिप्सन गुरुङले उम्मेदवारी दिएका छन्। पीएन क्याम्पसको सभापतिका लागि विप्लबी न्यौपाने र कमल सुवेदीले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

पीएन क्याम्पसमा ९ हजार २ सय ७० मतदाता रहेको निर्वाचन समितिले जनाएको छ। अनेरास्ववियुले सँधै जित्दै आएको पीएन क्याम्पसमा विसं. २०६५ सालयता स्वविवियु निर्वाचन हुन सकेको छैन।

## राजस्व नतिरेपछि खानीजन्य पदार्थ उत्खननमा रोक

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

माछापुच्छ्रे गाउँपालिकाले पालिकाभित्र सञ्चालनमा रहेका चार क्रसर उद्योगबाट खानीजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरणमा रोक लगाएको छ । गाउँपालिकाभित्र सञ्चालित क्रसर उद्योगले निर्माण सामग्री उत्खनन गरेबापत पालिकालाई बुझाउनुपर्ने रु ४९ करोडभन्दा बढी राजस्व नबुझाएपछि गाउँपालिकाले उत्खननमा रोक लगाएको हो।

यहाँका फेउसरका बराह क्रसर उद्योगले रु २० करोड ५६ लाख ६२ हजार, गण्डकी एग्रोगेटले रु १३ करोड ३९ लाख ७० हजार, जेके क्रसर उद्योगले रु चार करोड १२ लाख ३६ हजार र सेती गण्डकी क्रसर उद्योगले रु १० करोड ८१ लाख ८४ हजार राजस्व तिर्नुपर्नेछ। व्यवसायीलाई राजस्व तिर्न पटकपटक आग्रह गरे पनि अटेरी गर्ने तर उत्खनन कार्य नरोकिएपछि गाउँपालिकाले अर्को व्यवस्था नभएसम्मका लागि उद्योगबाट कुनै पनि साधारण निर्माणमुखी खानीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो) उत्खनन, प्रशोधन तथा बिक्री वितरणसम्बन्धी कार्यमा रोक लगाएको गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले जानकारी दिनुभयो। "क्रसर उद्योगबाट राजस्व उठाउनका लागि कार्यपालिका बैठकबाट नै निर्णय गरेर हालका लागि उत्खनन र बिक्री वितरण रोकेका हौं । व्यवसायीलाई पुनः राखेर छलफल गर्न तयार छौं, तर राजस्व उठाएरै छाड्छौं", उपाध्यक्ष अधिकारीले भन्नुभयो। गाउँपालिकामा सञ्चालनमा रहेका क्रसरउद्योगमापदण्डविपरीतसञ्चालनमा छन् । क्रसर उद्योगले नदी दोहन तथा सार्वजनिक सम्पत्तिमा क्षति पुर्याउनेदेखि अवैध उत्खनन गर्ने गरेको स्थानीयवासीको भनाइ छ।

क्रसर व्यवसायीबाट पालिकाले वर्षौंसम्म राजस्व उठाउन नसकेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पोखरा कार्यालयमा समेत उजुरी परेको थियो । अख्तियारले समेत पालिकालाई राजस्व उठाउन पटकपटक पत्राचार गर्दै आएको छ । व्यवसायीबाट राजस्व लिन नसकेपछि गाउँपालिकाले केही समयअघि सहजीकरणका लागि भनेर प्रदेश सरकारको आर्थिक मामिला मन्त्रालयमा पत्राचार गरेको थियो । आर्थिक मामिला मन्त्रालयले समेत कानुनअनुसार क्रसरबाट राजस्व लिन भनेर गाउँपालिकालाई पत्राचार गरेको उपाध्यक्ष अधिकारीले बताउनुभयो। क्रसर व्यवसायीले भने राजस्वदर बढी भएकाले आफूहरूले तोकिएअनुसारको रकम बुझाउन नसक्ने बताउँदै आएका छन्। व्यवसायीको उपस्थितिबिना उत्खननस्थलको नापजाँच गरिएको र सोहीअनुसार प्रतिवेदन बनाइएको गण्डकी एग्रोगेटका सञ्चालक भोजराज पौडेलले बताउनुभयो । गाउँपालिकाले क्रसर उद्योगबाट उत्खनन गरिएको परिमाण नापजाँचका लागि पोखराको इन्जिनियरिङ अध्ययन संस्थानको सहयोग लिएको थियो।

## पोखरा बेलुन विष्फोट घटनाको छानबिन समितिद्वारा प्रतिवेदन हस्तान्तरण

**रासस**
काठमाडौं, ५ चैत

पोखरामा आयोजित 'पोखरा भ्रमण वर्ष, २०२५' उद्घाटन समारोहमा भएको बेलुन विस्फोटका विषयको अनुसन्धान गर्न गठिन छानबिन समितिले आज गृहमन्त्री रमेश लेखकलाई प्रतिवेदन बुझाएको छ।

भ्रमण वर्ष उद्घाटनका क्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेल र पोखराका प्रमुख धनराज आचार्य घाइते हुनुभएको थियो । घटनालगत्तै गृहमन्त्री लेखकले मन्त्रीस्तरको निर्णय गर्दै कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको संयोजकत्वमा आठ सदस्यीय छानबिन समिति गठन गर्नुभएको थियो । समितिले घटनाको विस्तृत छानबिन गरी र आगामी दिनमा यसप्रकारका घटना दोहोरिन नदिन पूर्वसर्तकता र अवलम्बन गर्नुपर्ने उपायसहितको प्रतिवेदन बुझाएको गृह मन्त्रालयले जनाएको छ । प्रतिवेदन बुझ्दै गृहमन्त्री लेखकले प्रतिवेदनमा उल्लेख भएका विषय कार्यान्वयनका लागि गृहसचिव गोकर्णमणि दुवाडीलाई निर्देशन दिनुभयो । समितिले विशिष्ट व्यक्तिहरूको सहभागिता रहने कार्यक्रममा विशिष्ट व्यक्ति स्वयंले संवेदनशीलता ख्याल गर्नुपर्ने, सुरक्षालाई भन्दा उपस्थितिलाई मात्र प्राथमिकता दिने प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्ने, मञ्चका कार्यक्रममा प्रज्वलनशील पदार्थको प्रयोग गर्न पूर्ण रूपमा रोक लगाउनुपर्ने र प्रविधिका नाउँमा जोखिम मूल्याङ्कन नगरी कुनै कार्यक्रम औपचारिक समारोहमा समावेश गर्न नहुनेलगायत सुझावसहितको विषय समेटिएको छ।

त्यसका साथै भविष्यमा यस प्रकारका घटना हुन नदिन सुधार गर्नुपर्ने विषयसमेत प्रतिवेदनमा उल्लेख गरिएको छ। जसमा विस्फोटक रसायन र प्रज्वलनशील पदार्थको अनधिकृत आपूर्ति तथा उपयोगमा बन्देज लगाउनुपर्ने, यस्ता प्रकृतिका कार्यक्रम आयोजना गर्नुपूर्व अनुमति लिने क्रममा स्थानीय प्रशासनलाई कार्यक्रमको रूपरेखा उपलब्ध गराउनुपर्ने व्यवस्था मिलाउनुपर्ने, कार्यक्रममा सुरक्षा मापदण्डलाई ध्यानमा राखी सुरक्षित विकल्पको उपयोग गर्न सुझाव दिइएको छ।

त्यसैगरी बेलुन उडाउन आवश्यक भएमा अप्रज्वलनशील हिलियम ग्यास प्रयोग गर्ने, यस्ता प्रकृतिका कार्यक्रममा अनुमतिबिना आतिसबाजी तथा विष्फोटक रसायनको प्रयोगलाई पूर्णतः बन्देज लगाउनुपर्ने र सार्वजनिक कार्यक्रममा सहभागी हुने विशिष्ट/अतिविशिष्ट व्यक्तिल आफू सहभागी हुने सार्वजनिक कार्यक्रमको सञ्चालन र व्यवस्थापनबारे अग्रिम जानकारी लिइ सुरक्षाको सुनिश्चितता भई कार्यक्रममा उपस्थिति हुने संस्कारको विकास गर्नुपर्नेलगायत विषय सुधार गर्न भनिएको छ।


कार्यक्रम सञ्चालनपूर्व आयोजक पक्षबाट योजना बनाउने र सरोकारवाला निकायसँग निरन्तर रूपमा प्रभावकारी समन्वय गर्नुपर्ने, सार्वजनिक कार्यक्रमहरू (सभा, सम्मेलन, मेला, महोत्सव, प्रदर्शनी, ऱ्यालीलगायत कार्यक्रम) सञ्चालन गर्ने सन्दर्भमा सुरक्षा व्यवस्था, विपद् व्यवस्थापन, कार्यक्रम सञ्चालन विधिलगायत विषयसमेत समेट्ने गरी स्पष्ट कार्यविधि/मापदण्ड तर्जुमा गर्नुपर्ने समितिको सुझाव छ।

## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको नवौँ सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

प्रधानमन्त्री एवं पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा प्रतिष्ठानको नवौँ सभा सम्पन्न भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा भएको बैठकमा प्रतिष्ठानको चालु आर्थिक वर्षको बजेट र कार्यक्रम स्वीकृत भएको छ भने गत आर्थिक वर्षको महालेखा परीक्षकको प्रतिवेदनबारे जानकारी गराइँदै त्यसमा रहेका सुधार्नुपर्ने पक्षहरूमा ध्यान दिन जोड दिइएको छ । बैठकमा कुलपति ओलीले चिकित्सा शिक्षाका साथै पोखरा र त्यस क्षेत्रका सर्वसाधारणको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन निर्देशन दिनुभयो। उहाँले आर्थिक वर्ष लाग्नुपूर्व नै बजेट तथा कार्यक्रम पारित गराउन आग्रह गर्नुभयो । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री एवं सहकुलपति प्रदीप पौडेल सहभागी बैठकमा प्रतिष्ठानका उपकुलपति डा डुकबहादुर क्षेत्रीले प्रतिष्ठानबाट कार्यकालमा भएका प्राज्ञिक, व्यवस्थापकीय र स्वास्थ्य सेवाका क्षेत्रमा भएका प्रगतिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।




## गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने प्रदेश सरकारको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
दमौली, ५ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराजपाण्डेलेआमनागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

आँबुखैरेनी गाउँपालिकाले सञ्चालन गरेको आँबुखैरेनी अस्पतालको मंगलबार निरीक्षण गर्दै उहाँले हरेक नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलव्ध गराउने राज्यका प्रयासमा चिकित्सकलगायत स्वास्थ्य क्षेत्रमा आबद्ध सबैको सहयोग अपरिहार्य भएको बताउनुभयो। अवस्था सिर्जना गरिने बताउनुभयो । स्थानीय तहसँग सहकार्य गर्न प्रदेश सरकार



प्रतिबद्ध रहेको तथा भविष्यमा पनि स्रोत र साधनले भ्याएसम्म प्रदेशका स्वास्थ्य संस्थालाई उपकरण प्रदान गर्ने मुख्यमन्त्री पाण्डेले उल्लेख गर्नुभयो।

उक्त अस्पताललाई प्रदेश सरकारले एक थान शल्यक्रिया मेसिन प्रदान गरेको छ। आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले अस्पतालले प्रदान गर्दै आएको सेवाका बारेमा जानकारी गराउनुभएको थियो । विसं २०७९ मङ्सिर १ गतेदेखि आँबुखैरेनी स्वास्थ्यचौकी १५ शय्याको अस्पतालमा रुपान्तरण भएको हो।

## नर्सिङ क्याम्पस र बनविज्ञान क्याम्पसमा अनेरास्ववियुको प्यानल बिजयी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत

पोखरामा रहेको बन बिज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस र नर्सिङ क्याम्पसमा सम्पन्न स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनमा नेकपा एमाले निकट अनेरास्ववियुको प्यानल नै विजयी भएको छ।

मंगलवार साँझ सम्पन्न मतगणना अनुसार नर्सिङ क्याम्पसमा अनेरास्ववियुकी

बाँकी अन्तिम पृष्ठमा ▶▶

# पोखरामा निर्माण हुने कोसेली घरको शिलान्यास

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

पर्यटकीय राजधानी पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा कोसेली घर निर्माण हुने भएको छ।

कोरिया अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को आर्थिक सहयोगमा पोखरामा सञ्चालन हुने 'रिसाइक्लिङ' र 'अपसाइक्लिङ' मार्फत हरित रोजगारी सिर्जना परियोजनाअन्तर्गत कोसेली घरको सोमबार शिलान्यास गरिएको हो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, कोइका नेपालका देशीय निर्देशक मोहेन कोङ, युएनडिपीका एसिया क्षेत्रीय निर्देशक क्रिस्टोफर बहाइटले उक्त घरको संयुक्त रूपमा शिलान्यास गर्नुभयो।

परियोजनामा कोइकाले नौ दशमलव आठ मिलियन अमेरिकी डलर र युएनडिपीले शून्य दशमलव ८७ मिलियन अमेरिकी डलर लगानी गर्नेछन्। आगामी एक वर्ष छ महिनामा निर्माण सम्पन्न गर्नेगरी कोसेली घरको ठेक्का इन्टरनेशनल इञ्जिनियरिङ एण्ड कन्स्ट्रक्सन कम्पनी काठमाडौँले लिएको छ। परियोजनाले नकुहिने फोहर प्रशोधनसहित फोहरबाट नयाँ चिजहरू उत्पादन गर्नेछ। यसलाई सिकाइ केन्द्रका रूपमा विकास गरिने र पोखराका लागि एक पर्यटन गन्तव्यका रूपमा स्थापित हुने विश्वास लिइएको महानगर प्रमुख आचार्यले बताउनुभयो। उहाँका अनुसार हरित रोजगारी सिर्जनासँगै चक्रीय अर्थतन्त्रको निर्माणमा यसले योगदान गर्नेछ।

"फोहरमैलाको व्यवस्थापन निकै चुनौतीपूर्ण भइरहेका बेला यसलाई मोहोरमा बदल्ने गरी महानगर क्षेत्रका एक सय ३६ वटा समूहमार्फत पुनःप्रयोगमा आउने सामग्रीहरू निर्माण गरी आर्थिक रूपमा सामुदायिक सशक्तीकरण हुने विश्वास लिएका छौँ", आचार्यले भन्नुभयो। विदेश पलायन भइरहेका युवा शक्ति र गृहिणी महिलाका लागि हरित रोजगारी सिर्जना महत्वपूर्ण रहेको उहाँले बताउनुभयो। "यस परियोजनाले युवालाई रोजगारीसँग जोड्ने छ भने फोहरबाट मोहोर पनि आर्जन हुनेछ। परियोजनाको पहिलो चरणमा तीन हजार बढी प्रत्यक्ष/अप्रत्यक्ष रोजगारी सिर्जना गर्नेछ", प्रमुख आचार्यले भन्नुभयो। कोइका नेपालका देशीय निर्देशक मोहेन कोङले पोखरा महानगरपालिका र कोइकाबीचको सहकार्य तथा समझदारीलाई बलियो बनाउँदै यस परियोजनाले नयाँ उचाइ प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो। नेपालको पर्यटन राजधानी पोखरामा रिसाइकल र अपसाइकलमार्फत हरित रोजगारी सिर्जनाका नमुनाका रूपमा विकास गर्न यो परियोजना कोसेढुङ्गा सावित हुने कोङले उल्लेख गर्नुभयो। संयुक्त राष्ट्रिय विकास कार्यक्रम (युएनडिपी) का एसिया क्षेत्रीय निर्देशक क्रिस्टोफर बहाइटले हरित अर्थतन्त्रमा योगदान पुऱ्याउने दिगो रिसाइकल र अप-साइकल (आरयु) उद्यमलाई बढवा दिन परियोजना प्रभावकारी हुने बताउनुभयो।

पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले स्वच्छ पोखरा, हरित पोखरा निर्माणसँगै हरित रोजगारी सिर्जनामा यो परियोजनाले उल्लेखनीय भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले पर्यटन राजधानी पोखराका लागि परियोजना रोजगारी सिर्जनाको नयाँ प्रयोगका रूपमा प्रभावकारी हुने बताउनुभयो। पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले परियोजना पोखराका लागि रोजगारी सिर्जना, सिकाइ प्रवर्द्धन र उत्पादनका हिसाबले महत्वपूर्ण रहेको बताउनुभयो।



पोखराबाट छेन्दुतर्फ प्रस्थान गर्दै सिचुवानः एक सय २७ यात्रु लिएर पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट चीनको छेन्दु तर्फ प्रस्थान गर्दै सिचुवान एयरलाइन्सको विमान। नेपाल-चीन कुटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वर्षगाँठको अवसरमा चीनको छेन्दुबाट उक्त विमानस्थलमा नियमित व्यावसायिक चार्टर उडान सुरु भएको हो। तस्बिरः युनिश गुरुङ/रासस

# पोखरा कप राष्ट्रिय ह्यान्डबलको उपाधि आर्मीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

पोखरामा सम्पन्न पोखरा कप राष्ट्रिय ह्यान्डबलको उपाधि त्रिभुवन आर्मीले चुमेको छ।

गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको प्रवर्द्धन तथा कास्की जिल्ला ह्याण्डबल संघको प्राविधिक सहयोगमा जारी प्रतियोगिताको फाइनलमा घरेलु टोलि गण्डकीलाई ३७-३२ ले हराउँदै च्याम्पियन भएको हो।



अत्यन्तै प्रतिस्पर्धात्मक बनेको फाइनलमा गण्डकीले बिचमा अग्रता जोगाउन नसक्दा हार व्यहोर्न बाध्य भएको हो। एक समय २७-२५ को अग्रतामा रहेको थियो तर, गण्डकीले लय गुमाउँदा आर्मीले डिफेन्स लाइनलाई बलियो बनाउँदै खेलेपछि विजेता बन्न सफल भयो। आर्मीका लागि निर्मलबाबू श्रेष्ठले सर्वाधिक १६ गोलको योगदान दिए। उपाधिसंगै आर्मीले नगद एक लाख रुपैयाँ हात पारेको छ। उपविजेता गण्डकीले ५० हजार रुपैयाँ प्राप्त गऱ्यो। यस्तै एपीएफ क्लब तेस्रो हुँदै ३० हजार रुपैया प्राप्त गरेको छ। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी आर्मीका निर्मलबाबु श्रेष्ठ घोषित भए। यस्तै उत्कृष्ट गोलरक्षक गण्डकीका विशाल नेपाली घोषित भए। प्रतियोगितामा एपीएफका दीपेन्द्र बुढाथोकी उच्च गोलकर्ता घोषित भए। उनले प्रतियोगिता अवधिभर कुल ५३ गोल गरे। विधागत उत्कृष्ट तिनै जनाले समान पाँच-पाँच हजार रुपैयाँ संगै ट्रफी हात पारे। कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले राजनितिकर्मीहरुले खेलकुदबाट धेरै कुरा सिक्न आवश्यक रहेको बताए। खेलाडीहरुले हरेक परि स्थितिमा कसरि खेल्ने र कस्तो खेल्ने भन्ने कुराको प्रदर्शनी संगै धैर्यता राख्ने हुँदा हरेक नेताले उनीहरुबाट ति कुराहरु सिके राजनिति र देश विकासका लागि नयाँपन दिन सक्ने उनको भनाइ थियो। मंगलबार नै फाइनल अघि भएको सेमिफाइनल तथा तेस्रो स्थानका खेल भएका थिए। पहिलो सेमीफाइनलमा गण्डकीले एपीएफलाई ४०-३३ र आर्मीले कोशीलाई ५५-३२ ले हराउँदै फाइनल प्रवेश गरेको थियो। यस्तै तेस्रो स्थानको खेलमा एपीएफले कोशीलाई ५५-२३ ले हराएको थियो। ३ गतेदेखी संचालन भएको प्रतियोगितामा आयोजक गण्डकीसहित कोशी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदुर पश्चिम प्रदेश र दुई विभागिय टोली त्रिभुवन आर्मी क्लब र एपिएफ क्लबको सहभागिता रहेको थियो।

# स्याङ्जामा एसइई परीक्षाको तयारी पुरा

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ५ चैत

माध्यमिक तहका विद्यार्थीहरुको अन्तिम परीक्षा एसइई चैत्र ७ गते बिहिबारबाट देशभर संचालन हुदैछ।

चैत्र ७ गतेदेखी १९ गते सम्म संचालन हुने एसइई परीक्षाका लागि स्याङ्जामा तयारी पुरा भएको शिक्षा विकास तथा समन्वय इकाई कार्यालयले जनाएको छ। एसइई परीक्षा २०८१ को तयारीका लागि शिक्षा विकास तथा समन्वय इकाई कार्यालय स्याङ्जाका प्रमुख विश्वराज आचार्यले तयारी पुरा भएको जानकारी दिए। एसइई परीक्षाका लागि स्याङ्जामा २५ ओटा विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ। १ सय ७२ माध्यमिक विद्यालयका विद्यार्थीहरु एसइई परीक्षामा सम्मिलित हुने कार्यालयले जनाएको छ। १३७ सामुदायीक (धार्मिक–३, प्राविधिक–६) र संस्थागत ३५ विद्यालयका विद्यार्थीहरुको परीक्षामा सहभागिता रहने छ। नियमित तर्फ ३ हजार ५ सय ९८, नियमित प्राविधिक तर्फ १३४, ग्रेड बृद्धि साधरणतर्फ १ हजार २ सय १० र ग्रेड बृद्धि प्राविधिकतर्फ ५० जना गरी यो बर्ष स्याङ्जाबाट ४ हजार ९ सय ९२ विद्यार्थीले एसइई परीक्षा दिने कार्यालय प्रमुख आचार्यले बताए। जसमा २४२३ छात्रा र २५६९ छात्र रहेका छन्। परीक्षाका लागि २५ केन्द्राध्यक्ष, सहायक केन्द्राध्याक्ष ४५, निरीक्षक २६५, परीक्षा सहायक ६२, कार्यालय सहयोगी ११०, सुरक्षाकर्मी ३७५ गरी ८८२ जना जनशक्ति खटिने प्रमुख आचार्यले बताए। परीक्षालाई मर्यादित र शान्तिपुर्ण सम्पन्न गर्न खटिएका कर्मचारीहरुलाई निर्देशन दिएको र यो कार्यमा सहयोग गर्न जिल्लावासी सबैमा अनुरोध समेत गरिएको आचार्यले बताए। परीक्षामा खटिने केन्द्राध्यक्षलाई अभिमुखीकरण तालिम प्रदान गरेर पठाएका छौं उनले भने,'तालिम सकेर गएका केन्द्राध्यक्ष बुधवारबाट परीक्षा केन्द्रमा पुग्ने छन्।' केन्द्राध्यक्षले परीक्षा केन्द्रस्थलका अभिभावक, समाजसेवी, राजनीतिकदल, जनप्रतिनिधि लगायत सबैसगँ सल्लाह सुझाव लिएर परीक्षालाई मर्यादित बनाउन लाग्नेछन् उनले भने। चैत्र ७ गतेदेखी १९ गतेसम्म संचालन हुने एसइई परीक्षामा साधरणधारको १५ गतेसम्म, प्राविधिकधारको १७ गतेसम्म र ग्रेडबृद्धि धारको चैत्र १९ गतेसम्म परीक्षा संचालन हुने छ। प्रश्नपत्र सबै प्रहरी इकाईहरुमा पठाईसकिएको समन्वय इकाईले जनाएको छ।

## नर्सिङ ...

प्रतिभा भण्डारी अध्यक्षमा निर्वाचित भएकी छन भने सचिवमा अखिलकै सलिना श्रेष्ठ र कोषाध्यक्षमा कुसुम गौतम निर्वाचित भएका छन्। क्याम्पसका सूचना अधिकारी केदारनाथ अधिकारीका अनुसार अनेरास्वियुका सबै उम्मेदवार विजयी भएका छन। यसैगरि बनबिज्ञान अध्ययन संस्थानमा सम्पन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्बाचनमा अनेरास्वियुको संयुक्त प्यानल बिजयी भएको छ। उक्त प्यानलबाट अध्यक्षको उमेद्वारी दिएका अभिषेक शर्माले २ सय ३० मत प्राप्त गरेर विजयी बन्दा नेविसंघको तर्फबाट अध्यक्षको उमेद्वार बनेका दीपेन्द्र प्रसाद रौनियारले १ सय ४८ मत मात्र प्राप्त गरेका थिए। अन्य पदमा पनि अनेरास्वियुको प्यानलका उमेद्वार विजयी भएका छन।

# छोरेपाटनको दुर्गा मन्दिरमा कोटी दिप प्रज्ज्वलन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत



कास्की जिल्लाको पोखरा-१७, छोरेपाटनमा अवस्थित दुर्गा मन्दिर व्यवस्थापन समितिको आव्हानमा यही चैत्र २३ गते चैत्राष्टमीको अवसरमा नवग्रह शान्ति पाठ एवं रुद्राभिषेकका साथ कोटी दिप प्रज्वलन कार्यक्रम गरिने भएकोछ।

मन्दिर व्यवस्थापन समितिको आव्हानमा यही चैत्र २३ गते चैत्राष्टमीको अवसरमा जगतको शान्ति र सम्वृद्धि, लोककल्याण, नवग्रह शान्ति, पितृ उद्धार एवं दुर्गा मन्दिर शक्तिपीठ धामको श्रीवृद्धिको लागि विन्दवासिन मन्दिरका व्यासासिन पण्डित डा. भोला नारायण रेग्मी मुख्य वाचक र अन्य गुरुहरुद्वारा सहस्र सप्तचण्डी मन्त्रजाप, सहस्रवन, नवचण्डीपाठ, वेदपाठ, देवी महिमा प्रवचन, नवग्रह शान्ति पाठ एवं रुद्राभिषेकका साथ कोटी दिप प्रज्वलन एवं प्रसाद वितरण कार्यक्रम आयोजना गरिने भएको पत्रकार सम्मेलनमा वताइएको छ। कोटी दिप प्रज्ज्वलनको पूर्व सन्ध्यामा वाजा गाजा, भजन कृतन सहित शिव पार्वती झाँकीद्धारा छोरेपाटन वजार परिक्रमा गरिने भजन संयोजक हिमलाल उपाध्यायले वताए।

सुरुवाती अवस्थामा केही आरोह र अवरोह पार गर्दै माताको आराधना एवं पूजापाठ गर्दै केही समय स्थानीय भक्तहरुद्वारा पूजा आजा गर्दै आइरहेका यस दुर्गा मन्दिरमा विभिन्न भक्तजनहरूद्वारा गणेश मन्दिर, सन्तोषी माताको मन्दिर, रातो मच्छिन्द्रनाथको मन्दिर, १०८ शालिग्राम, १०८ शिवलिङ्ग स्थापना गरिएको थियो। मन्दिरको विशेष आम्दानीको श्रोतको रुपमा भक्तजनहरुको विशेष सहयोगमा नवदुर्गा पुजा महोत्सव, शनि त्रयोदशी, विशेष पुजा महोत्सव, मंगलचौथीं पुजा एवं शिवरात्री पुजा सहयोग आदिबाट दैनिक पुजा चल्दै आएको दुर्गा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नारायण प्रसाद अधिकारी (शर्मा)ले वताए।

सुन्दर नगरी पोखराको बीचमा रहेको पोखरा महानगरपालिका वडा नं. १७ र २२ को सिमानामा रहेको दुर्गा मन्दिर शक्तिपीठ धामको स्थापना २०३७ सालमा भएको र एकादशी तिथिको पावन दिनमा स्वर्गीय रुद्रनाथ बराल र शशीधर बरालबाट जग्गा प्राप्त गरी तत्कालिन दुर्गा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष दुर्गाबहादुर श्रेष्ठको परिकल्पनामा स्थापना भएको समितिका बरिष्ठ उपाध्यक्ष रविन्द्रराज बरालले वताए।

समितिद्वारा मन्दिरको संरक्षण गर्दै अवनेश्वर शिव मन्दिर, गण्डकी प्रदेशको एक मात्र १०८ पिपल पुण्यधाम र सूर्य चक्र शनिदेव शिला स्थापनाका साथै विभिन्न देवीदेवताका मुर्ति विग्रह स्थापना गरी आफ्नो दैनिक पूजापाठको लागि समितिद्वारा पण्डित रामप्रसाद नेपाललाई पण्डित नियुक्ति गरी विगत वर्षहरूदेखि दैनिक पूजा पाठ एव आराधना गरिदै आएको उपाध्यक्ष मोहनलाल पौडेलले वताए।

कार्यक्रममा कर्ताको रुपमा सहभागी हुनको लागि १ लाख दिप प्रज्ज्वलनमा बाती, तिलको तेल र पुजा सामग्रीको लागी लाग्ने खर्च ५ हजार १ सय र एकमुष्ट भुक्तानी गर्न चाहनुहुने महानुभावहरुलाई समितिद्वारा व्यवस्था मिलाइएको पनि सो अवसरमा जानकारी दिइएको सचिव ध्रुबराज बरालले वताए।


चाडपर्व प्रति सम्मान गरौं।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र सँस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्वलाई सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म सँस्कृति र परम्परालाई सम्मान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिवार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# आकर्षण घटेको स्ववियु निर्वाचन

त्रिभुवन विश्वविद्यालयका ४५ वटा आंगिक क्याम्पसमा स्ववियु निर्वाचनको मतदान सम्पन्न भएको छ । थोरै मत भएका क्याम्पसको मत परिणाम आइसकेको छ । काठमाडौं र काठमाडौं बाहिरका धेरै विद्यार्थी अध्ययन गर्ने क्याम्पसमा चुनाव स्थगित छ । त्रिविको सम्बन्धन पाएका क्याम्पसको नतिजा आइसकेको छ।घोषित परिणाम अनुसार नेपाल विद्यार्थी संघ, अनेरास्ववियु र अखिल क्रान्तिकारी ले जितेका छन । गठबन्धन र एक्ला एक्लै चुनाव लड्ने घोषणा गरेका संगठनले पनि अघोषित गठबन्धन गरेका छन।स्थानीय शक्तिशाली गठबन्धनलाई भत्काउने प्रयास भएको छ । त्रिविका खड्ग केसीका अनुसार मतदान भइरहेका क्याम्पसमा शान्तिपूर्ण वातावरण छ ।

काठमडौंका थापाथली, पुल्चोक, मिनभवन, महाराजगन्ज, आयुर्वेद क्याम्पस, भक्तपुर बहुमुखी क्याम्पस लगायतमा निर्वाचन सम्पन्न भएको छ । चुनावको अनुगमनमा राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार र पत्रकारहरूको टोली अनुगमनमा खटिएको शिक्षाध्यक्ष खड्ग केसीले बताए । 'अनुगमनसँगै सुरक्षाको लागि प्रहरीको टोली खटिएको छ,'।

निर्वाचनको तयारी पूरा भएपछि काठमाडौंका मुख्य क्याम्पसमा चुनाव रोकिएको छ । रत्नराज्य क्याम्पसमा तयारी पूरा भएपछि अनेरास्ववियुको तालाबन्दीले चुनाव रोकिएको छ। त्रिचन्द्र क्याम्पस, पद्मकन्या, विश्वभाषा, अस्कल, ल क्याम्पस, सरस्वती क्याम्पस, पब्लिक युथ क्याम्पस र शंकरदेव क्याम्पसमा चुनाव रोकिएको छ । विश्वविद्यालय क्याम्पसमा भने चैत ८ का लागि चुनाव तोकिएको छ। त्रिविको पृथ्वीनारायण पोखरा, भैरहवा, बुटवल र जनकपुरको क्याम्पसमा पनि स्थगित भएको छ ।

चुनावमा राजनीतिक दलको जस्तो हुँदा स्वतन्त्र उमेदवारले जित्ने अवस्था आएको छ। क्याम्पसमा नभिजेका र हरेक समस्याको समाधान गर्दै जाने मात्र जित्न सक्छ भन्ने ईन्जिनियरिङ क्याम्पस पुल्चोकले देखाइदिएको छ । त्रिविका ६४ वटा अंगिक क्याम्पस र १ हजार ५३ वटा सम्बन्धन प्राप्त क्याम्पस छन् । २०७९ मा ५० वटा आंगिक र ३०० बढी सम्बन्ध प्राप्त क्याम्पसमा चुनाव भएको थियो । विद्यार्थी संख्या २०० जनासम्म भएका प्रत्येक क्याम्पसमा ११ सदस्यीय, २०१ देखि १००० जनासम्म विद्यार्धी भएको क्याम्पसमा १५ सदस्यीय, १००१ देखि ३००० जनासम्म विद्यार्थी भएको क्याम्पसमा १९ सदस्यीय र ३००१ जनाभन्दा बढी विद्यार्थी संख्या भएको क्याम्पसमा २१ सदस्यीय स्ववियु कार्यसमिति रहने व्यवस्था छ । आफ्नो नेता आफैंले ल्याएको प्रणालीलाई बलियो बनाउन भन्दा छिर्के भएर आउने चुनौती सामना गर्नेले नै घर बनाएर जम्न सक्छु भन्ने स्पस्ट हुनेछ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : आर्थिक समस्या |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# माथिल्लो ठूलोखोला 'ए' आयोजना निर्माण धमाधम

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ चैत

रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन माथिल्लो ठूलोखोला 'ए' जलविद्युत् आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। उक्त आयोजनाको हालसम्म ७५ प्रतिशत निर्माण सकिएको छ।

ठूलोखोला हाइड्रोपावर लिमिटेडले रघुगङ्गा-७ चिमखोला र वडा नं ८ कुइनेमङ्गलेको सीमा क्षेत्रमा निर्माण गर्न लागेको २२ दशमलव पाँच मेगावाट क्षमताको उक्त आयोजना निर्माण सुरु गरेको दुई वर्षको अवधिमा बाँध, विद्युत्गृह र पाइप लाइनतर्फको करिब ८० देखि ९० प्रतिशत काम सकिएको ठूलोखोला हाइड्रोपावरका वित्त प्रमुख प्रदीप खतिवडाले जानकारी दिनुभयो। उहाँका अनुसार आगामी जेठ मसान्तभित्र परीक्षण उत्पादन गर्ने लक्ष्यका साथ आयोजनाको पूर्वाधार निर्माणको कामलाई गति दिइएको छ।

आयोजनाको पूर्वाधारतर्फको निर्माण कम्पनी देव ऊर्जा कन्ट्रक्सन प्रालिले दैनिक दुई सय जनशक्ति परिचालन गरेर काम गरिरहेको छ । आयोजनाकम लागि आवश्यक पर्ने उपकरण ढुवानीको काम धमाधम भइरहेको छ। विद्युत्गृहमा विद्युतीय उपकरण र सामग्री जडानको काम भइरहेको वित्त प्रमुख खतिवडाले बताउनुभयो । सुरुङरहित यस आयोजनामा कुल दुई हजार आठ सय मिटर पाइप लाइन जडानको काम अन्तिम चरणमा पुगेको छ। सुगुरथलामाथि रघुगङ्गा नदीमा निर्माण भएको बाँधबाट पेनस्टक पाइप लाइन हुँदै ल्याउने पानीलाई सेतिनी भ्यालीको फेदीमा रहने विद्युत् गृहमा खसालेर उत्पादन हुने आयोजना प्रमुख लोकबहादुर नायकले जानकारी दिनुभयो । उहाँका अनुसार उत्पादित विद्युत् लाई राष्ट्रिय प्रसारणमा जोड्नका लागि ट्रान्समिसन लाइन निर्माणको कामसमेत धमाधम भइरहेको छ । रु तीन अर्ब लागत अनुमान गरिएको यस आयोजनामा प्रवर्द्धकको तर्फबाट ३० प्रतिशत लगानी रहेको छ भने बाँकी ७० प्रतिशत लगानी सिटिजन बैंकको नेतृत्वमा कृषि विकास बैंक र माछापुच्छ्रे बैंकले लगानी गर्ने वित्तीय सम्झौता भएको छ।

# च्याउ खाएर बिरामी भएका एक जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ५ चैत

जिल्लाको व्यास नगरपालिका-६ शान्तिटोलमा च्याउ खाँदा बिरामी परेका एक जनाको मृत्यु भएको छ।

म्याग्दे गाउँपालिका-६ सर्वलाङका ३० वर्षीय नारायण मगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

गत शुक्रबार राति च्याउ खाँदा बिरामी परेका १० जनामध्ये पोखरामा उपचारका क्रममा नारायणको सोमबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो।

उहाँका अनुसार बिरामी परेका नौ जनाको अवस्था खतरामुक्त छ। बारीमा उम्रिएको च्याउ खाँदा शुक्रबार १० जना बिरामी परेका थिए।

# दुई सय ३६ ह्याचरी उद्योग बन्द

**रासस**
चितवन, ५ चैत

कुखुराको चल्ला कोरल्न प्रयोग गरिने दुई सय ३६ ह्याचरी उद्योग बन्द भएका छन्। कोभिडपछि लागत मूल्यमा चल्ला बिक्री हुन छाडेपछि उद्योग बन्द भएका हुन्।

नेपाल पोल्ट्री महासङ्घका उपाध्यक्ष टीकाराम पोखरेलका अनुसार कोभिड-१९ अघि देशभरमा ब्रोइलर कुखुराको चल्ला कोरल्ने तीन सय ४८ ह्याचरी उद्योग सञ्चालनमा थिए । अहिले यो सङ्ख्या एक सय २० मा झरेको छ । यस्तै १४ वटा रहेको लेयर्स ह्याचरी घटेर छवटामा झरेको छ । एक सातामा ब्रोइलर चल्ला ५५ लाख उत्पादन हुनेमा अहिले रु ३० लाख उत्पादन हुने गरेको उहाँले जानकारी दिनुभयो। लेयर्स चल्ला सातामा दुई लाख ५० हजारबाट एक लाख ३० हजारमा झरेको छ। पोखरेलका अनुसार ब्रोइलर चल्लाको लागत मूल्य प्रतिगोटा रु ५५ देखि ६० सम्म पर्न जान्छ । लेयर्सको मूल्य रु एक सय २० देखि एक सय २५ पर्छ । नेपाल ह्याचरी उद्योग सङ्घका केन्द्रीय वरिष्ठ उपाध्यक्ष राजेन्द्र लामिछानेका अनुसार कोभिडपछि दुई वर्षसम्म चल्लाको लागत मूल्य नपाउँदा ती ह्याचरी बन्द भएका हुन् । लामो समयपछि अहिले ब्रोइलर चल्लाको मूल्य प्रतिगोटा रु ७० देखि ७५ मा बिक्री हुने गरेको छ। लेयर्स चल्ला रु एक सय ३० देखि एक सय ५० मा बिक्री हुँदै आएको छ । उहाँले भन्नुभयो, "लामो समय चल्लाले मूल्य नपाउँदा अधिकांश ह्याचरी बन्द भए ।" चलेकाहरू पनि बैंकको ऋण थपेर धानिएको उहाँको भनाइ छ। चल्लाले मूल्य नपाउनु, दाना र औषधिको मूल्य बढ्नु, बैंकको व्याज बढी हुनु, मासुको मूल्य कम भएर कुखुरा पाल्ने किसान विस्थापित हुनु, भारतीय अवैध चल्ला भित्रनुलगायत कारण यहाँका ह्याचरी उद्योग र कुखुरा पाल्ने किसान विस्थापित भएका हुन्। सङ्घका पूर्वकेन्द्रीय अध्यक्ष ऋषिराम पौडेलका अनुसार ह्याचरी उद्योग बन्द हुँदै गर्दा फार्मसमेत बन्द हुन्छन् । यसबाट एउटै ह्याचरीको करोडौँ नोक्सान हुन्छ। उहाँले भन्नुभयो, "एउटा ह्याचरी उद्योग सञ्चालन गर्न कम्तीमा रु ४० करोडभन्दा बढी लगानी हुन्छ ।" चार-पाँच बिघा जमिन कम्तीमा आवश्यक पर्ने भन्दै उहाँले जग्गाको मूल्य बढ्दै जाँदा लागत मूल्यसमेत बढेको बताउनुभयो।

नेपालमा ह्याचरी उद्योगले अधिकांश प्यारेन्ट (माउ) विदेशबाट ल्याउने गर्छन्। पौडेलका अनुसार त्यस्तो एउटा चल्लाको मूल्य रु सात सय पर्न आउँछ । देशभर थोरै ब्रोइलर कुखुरा पाल्ने किसान धेरै छन् । पछिल्लो समय खपत घटेसँगै मासुले मूल्य नपाउँदा धेरै विस्थापित भएका हुन् ।

# राहुघाट जलविद्युत् आयोजनामा तालाबन्दी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ चैत

जिल्लास्थित रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन राहुघाट जलविद्युत् आयोजनाको कार्यालयमा स्थानीयले मंगलबार तालाबन्दी गरेका छन् ।

दुर्घटनामा परी ज्यान गुमाएका मजदुरका आफन्त र गाउँलेले नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा निर्माण भइरहेको राहुघाट जलविद्युत् आयोजनाको कार्यालयमा मंगलबार तालाबन्दी गरेका हुन् । रघुगङ्गा-४ बुक्लस्थित राहुघाट जलविद्युत् आयोजनाको अडिट नं २ मा गत फागुन २९ गते ठेकेदार कम्पनी जयप्रकाश एसोसियट्सको डिपी टुए ७०८३ नम्बरको मिस्कर सडकबाट ८० मिटर तल खसेर दुर्घटना हुँदा चालक बेनी नगरपालिका-२ खबराका ४२ वर्षीय हेमबहादुर घिमिरेको घटनास्थलमा मृत्यु भएको थियो ।

निर्माण कम्पनी र आयोजनाले मृतकका परिवारलाई राहत तथा क्षतिपूर्ति उपलब्ध नगराएपछि पिप्लेस्थित रघुगङ्गा हाइड्रोपावरको कार्यालयमा ताला लगाइएको बेनी-२ का पूर्ववडाध्यक्ष हिराबहादुर थापाले बताउनुभयो । "तिल्केनीचौर स्थित ठेकेदारको कार्यालयमा ताला लगाउन पुगेका बेनी-२ ज्यामरुककोटका बासिन्दालाई प्रहरीले रोकेको थियो । ताला लगाएपछि सरोकार भएका पक्षले मङ्गलबार बिहान छलफलका लागि आह्वान गरेका छन्", उहाँले भन्नुभयो । बेनी अस्पतालमा राखिएको मृतकको शव आफन्तले अझै बुझ्न मानेका छैनन् । ठेकेदार कम्पनीले बिमा र कम्पनीको नियमानुसार पाउने राहत उपलब्ध गराउन तयार भए पनि मृतकका आफन्तले रु ५० लाख माग गरेकाले समस्या भएको ठेकेदार कम्पनीको भनाइ छ ।

निर्माणको अन्तिम चरणमा रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनामा गत पुसयता भएका दुर्घटनामा घिमिरेसहित चार जनाको मृत्यु भएको छ । रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले ठेकेदार र मजदुरका आफन्तसँग समन्वय र सहजीकरण भइरहेकाले यथाशीघ्र समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।

# यातायात व्यवस्था कार्यालय डुम्रेलाई साढे दुई करोड बराबरको जग्गा

**पोखरापत्र संवाददाता**
दमौली, ५ चैत

तनहुँको बन्दीपुर गाउँपालिका-१ निवासी कृष्ण अधिकारीले यातायात व्यवस्था कार्यालय डुम्रेको भवन निर्माणका लागि करिब साढे दुई करोड मूल्य बराबरको जग्गा निःशुल्क दान गर्नुभएको छ।

अधिकारीले आज मालपोत कार्यालय तनहुँबाट पाँच रोपनी जग्गा यातायात व्यवस्था कार्यालयका नाममा नामसारी गरिदिनुभएको हो । हाल भाडामा सञ्चालन हुँदै आएको कार्यालयको भवन निर्माणका लागि जग्गा खोजी गरिएकामा अधिकारीले कार्यालयलाई जग्गा दान गर्नुभएको हो । उक्त जग्गाको हालको मूल्य साढे दुई करोड बराबर रहेको वडाध्यक्ष शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो । यसअघि उहाँले वडा कार्यालय भवन निर्माणका लागि चार आना जग्गा दान गर्नुभएको थियो। अधिकारीका दुई छोरा राजेन्द्र र रविन्द्र अधिकारी चितवनमा व्यापार व्यवसाय गर्नुहुन्छ । कार्यालयको भवन निर्माणका लागि राजीखुसीले जग्गा पास गरिदिएको अधिकारीले बताउनुभयो । यातायात व्यवस्था कार्यालय डुम्रेका प्रमुख गोपाल ओलीले कार्यालयका लागि जग्गा प्राप्ति भएसँगै अब थप प्रक्रिया अगाडि बढ्ने बताउनुभयो। हाल कार्यालय बन्दीपुर गाउँपालिका-४ विमलनगरमा एक घरमा भाडामा सञ्चालन हुँदै आएको छ । अब उक्त जग्गामा कार्यालय भवन निर्माण भएसँगै सहज हुने उहाँको भनाइ छ। व्यक्तिको घरमा कार्यालय सञ्चालन गर्दा लाखौं रकम खर्च हुने गरेकाले आफ्नै भवन निर्माण गरी सेवा दिने ओलीको भनाइ छ।

यातायात व्यवस्था कार्यालयको भवन निर्माणका लागि जग्गा खोजी गर्न बन्दीपुर गाउँपालिकाले घनश्याम श्रेष्ठको संयोजकत्वमा जग्गा खोज समिति गठन गरेको थियो । विसं २०७८ फागुन २७ गते स्थापना भएको यातायात कार्यालयमा दरबन्दीअनुसार कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या हुँदै आएको छ। दरबन्दीअनुसारका कर्मचारीको अभाव, करारका कर्मचारीका भरमा कार्यालय सञ्चालन गर्नुपर्दा समस्या हुने गरेको जनाइएको छ।

कार्यालयले विसं २०७९ कात्तिकबाट सवारी चालक अनुमतिपत्रको ट्रायल जिल्लाबाटै सुरू गरेको थियो । त्यसअघि ट्रायलका लागि पोखरा जानुपर्थ्यो। कार्यालयले सोही वर्षको साउन १५ गतेदेखि सवारी चालक अनुमतिपत्र (लाइसेन्स) नवीकरण सुरू गरेको थियो।

कार्यालयमा सवारी साधन दर्ता समेत हुन्छ । यसले गर्दा तनहुँ मात्र नभई गोरखा, लमजुङका सर्वसाधारणलाई पनि सहज भइरहेको छ । विसं २०७१ देखि यातायात व्यवस्था सेवा कार्यालयका रूपमा काम गर्दै आइरहेको कार्यालय विसं २०७८ फागुन २७ गते यातायात व्यवस्था कार्यालयका रूपमा स्थापना भएको हो । सेवा कार्यालयका रूपमा रहँदा सवारीसाधन कर सङ्कलन, रूटपरमिट, जाँचपाससम्बन्धी काम गर्दै आएको कार्यालयले हाल सवारी चालक अनुमतिपत्र वितरण, नवीकरण र सवारी साधन दर्ता, नामसारी सेवा दिँदै आएको छ।

# आठ महिनामा बीस गैँडा मरे

**रासस**
चितवन, ५ चैत

चालु आर्थिक वर्षको आठ महिनामा २० वटा गैँडा मृत भेटिएका छन् । चितवन राष्ट्रिय निकुञ्ज तथा यस आसपासका क्षेत्रमा ती गैँडा मृत भेटिएका हुन्।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार चालु आर्थिक वर्षमा मृत भेटिएका गैँडाहरू प्राकृतिक कारणले मरेका हुन् । बाघ तथा गोहीको आक्रमणमा परेर, एकापसमा जुधेर, बिरामी भएर, दलदलमा फसेर र बुढो भएर मरेका हुन्। यस आर्थिक वर्षमा चोरी-सिकारीका कारण भने गैँडा नमरेको उहाँले जानकारी दिनुभयो। गत आर्थिक वर्षमा २१ वटा गैँडा मरेका थिए । मरेका गैँडामध्ये १८ वटा प्राकृतिक कारणले हो भने दुईवटा चोरी-सिकारीले र एउटाको कारण खुल्न नसकेको उहाँले बताउनुभयो । मगरका अनुसार आर्थिक वर्ष २०७९/८० मा चितवन राष्ट्रिय निकुञ्जमा २२ वटा गैँडा मरेका थिए। जसमध्ये २० वटा कालगतिले, एउटा विद्युतीय करेन्टबाट र एउटा चोरी-सिकारीले मारेका थिए। प्राकृतिक कारणले धेरै गैँडा मरेपछि वन तथा वातावरण मन्त्रालयले मृत्युको कारण खोजी गर्न समिति बनाएको थियो । पछिल्ला वर्षहरूमा प्राकृतिक कारणबाट हुने गैँडाको मृत्यु दर घट्दै आएको छ। आव २०७५/७६ मा प्राकृतिक कारणले मात्र ४३ गैँडा मरेका थिए । त्यसपछिका वर्षहरूमा प्राकृतिक कारणले हुने मृत्युदर घट्दै आएको छ।

सन् २०२१ को गणनाअनुसार नेपालमा गैँडाको सङ्ख्या ७५२ रहेको छ । एकसिङ्गे गैँडाको सङ्ख्या सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा ६९४ रहेको छ। बर्दियामा ३८, शुक्लाफाँटामा १८ र पर्सामा तीन गैँडा रहेको तथ्याङ्क छ । चालु आर्थिक वर्षमा गैँडा गणना कार्यक्रम रहेपनि स्थगन भएको छ।

# साफ च्याम्पियनसिपको खेलतालिका सार्वजनिक

**रासस**
काठमाडौं, ५ चैत

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-१९ च्याम्पियनसिप फुटबल प्रतियोगिताको खेलतालिका सार्वजनिक भएको छ।

भारतको अरुणाञ्चल प्रदेशस्थित गोल्डेन जुब्ली रङ्गशालामा हुने उक्त प्रतियोगिता आगामी मे ९ देखि १८ तारिखसम्म हुनेछ । मंगलबार सार्वजनिक गरिएको खेल तालिकाअनुसार नेपालले आफ्नो पहिलो खेल श्रीलङ्कासँग खेल्नेछ। उक्त खेल आगामी मे ११ तारिखमा हुनेछ । सोही दिन भूटान र बङ्गलादेशबीच पनि प्रतिस्पर्धा हुनेछ। विभिन्न ६ राष्ट्र सहभागी उक्त प्रतियोगितामा नेपाल समूह 'बी' मा परेको छ। समूह 'बी' मा नेपालसँगै भारत र श्रीलङ्का छन्। त्यसैगरी नेपालले आफनो दोस्रो खेल मे १३ तारिखमा घरेलु टोली भारतको सामना गर्नेछ।

१३ तारिखमै हुने अर्को खेल माल्दिभ्स र भूटानबीच हुनेछ। उक्त प्रतियोगिताको समूह 'ए' मा भने साबिक विजेता बङ्गलादेश, माल्दिभ्स र भूटान छन्। प्रतियोगिताको उद्घाटन खेलमा समूह 'बी' अन्तर्गतका बङ्गलादेश र माल्दिभ्सबीच प्रतिस्पर्धा हुनेछ। उद्घाटनकै दिन हुने अर्को खेलमा श्रीलङ्का र भारतबीच प्रतिस्पर्धा हुने जनाइएको छ।

# नेदरल्याण्डका दम्पतीको नेपाल प्रेम

**राम थापा**
गण्डकी, ५ चैत/रासस




एड क्रामर र आन्नी क्रामर नेपाललाई 'दोस्रो घर' ठान्छन् । नेदरल्याण्डका यी दम्पत्ति सन् १९७७ जुलाईमा पहिलो पटक नेपाल आएका थिए । तीन साना छोराछोरीसहित उनीहरूले यहाँ आठ वर्ष बिताए । सन् १९८५ मा स्वदेश फर्किए । "नेपाल छोड्न मनले त मानिरहेको थिएन, तर परिवारप्रतिको उत्तरदायित्वले हामी आफ्नै देश फर्कियौँ", ७७ वर्षीया आन्नीले भन्नुभयो, "नेपाल हाम्रो दोस्रो घर हो, यहाँको सत्कार र मानिसको असल आनीबानी धेरै मनपर्छ ।" नेपालमा हरेकपटक आउँदा नयाँ अनुभव र ऊर्जा प्राप्त हुने गरेको उहाँले सुनाउनुभयो ।

उनासी वर्षका एड र आन्नी नेपाल आउँदा छोरी इङ्ग मार्गरिट सात महिनाकी थिइन् । छोरा मारत्येन चार वर्ष र एरिक तीन वर्षका थिए । अहिले क्रामर दम्पत्तिका सात नातिनातिना भइसकेका छन् । छोराछोरीका सबै परिवार नेदरल्याण्डमै बस्छन् । नेपालमा आठ वर्ष बस्दा उनीहरू यहाँको भाषा, संस्कृति र रहनसहनसँग घुलमिल भइसकेका थिए । "ठूलो छोरा मारत्येन हामीभन्दा पनि राम्रो नेपाली बोल्न सक्छ", आन्नीले भन्नुभयो, "नेपालमा बस्दा छिमेकी बालबालिकासँग रमाउन र खेल्न खुब मन पराउँथे ।" समय मिलेसम्म अहिले पनि नेपाल आउँदा छोराछोरीलाई लिएर आउने गरेको उहाँको भनाइ छ ।

सिभिल इञ्जिनीयर एड क्रामर युनाइटेड मिसनमार्फत बुटवलको तिनहुँ नदीमा विद्युत् आयोजना निर्माण क्रममा पहिलोपटक नेपाल आउनुभएको थियो । पेसाले शिक्षक रहनुभएकी श्रीमती आन्नी र छोराछोरीलाई उहाँले साथमै ल्याउनुभयो । बुटवलमा केही समय बिताएर क्रामर परिवार स्न १९७८ को फेब्रुअरीमा बागलुङ आए । बागलुङको पहिलो साना जलविद्युत् केन्द्र, काठेखोलामा एडले काम गर्नुभयो । विसं २०३९ मा बागलुङ नगरपालिका–३ मा निर्माण गरिएको एक सय ७५ किलोवाटको उक्त आयोजना अहिले भने रूग्ण अवस्थामा छ ।

उक्त आयोजना निर्माण क्रममा क्रामर दम्पती बालबच्चासहित दुई वर्ष तीन महिना बागलुङमा बसेका थिए ।

बागलुङमा पहिलो पटक बिजुली बल्दाको साक्षी उनीहरू थिए । त्यो बेला यातायात, विद्युत्लगायतका सुविधा बागलुङमा थिएनन् । कास्कीको नागडाँडाबाट हिँडेर तीन दिनमा बागलुङ आइपुगेको एडले सुनाउनुभयो । "भाषा सिकाउने तीन जना, भरिया तीन जनासहित हामी हिँडेरै बागलुङ आएका थियौँ", उहाँले भन्नुभयो, "पहिलो दिन पर्वतको एउटा गाउँमा र दोस्रो दिन मालढुङ्गा भन्ने स्थानमा बास बस्यौँ ।" बागलुङ आइसकेपछि उनीहरू स्थानीय भीमसेन श्रेष्ठको घरमा बसे । छिमेकी रामकृष्ण भारी, विष्णुनारायण भारीलगायतले उनीहरूको बसाइँमा मद्दत गरे । "त्यो बेला बिजुली थिएन, टेलिफोन थिएन, पानी लिन बाहिर जानुपर्थ्यो, दाउरामा खाना पकाउनुपर्थ्यो, धेरै गाह्रो थियो", एडले भन्नुभयो, "सानो छोराछोरी भएकाले हामीलाई भान्छामा छिमेकी गाउँ तित्याङको बुकेनीका नगेन्द्र र शकुन्तलाले धेरै सहयोग गर्नुभयो ।" केही दिनअघि बागलुङ आएका बखत क्रामर दम्पत्तिले बुकेनी पुगेर नगेन्द्रलाई भेटे र ४५ वर्षअघिका ती क्षणलाई सम्झे । जतिबेला नगेन्द्र मात्र १३ वर्षको हुनुहुन्थ्यो । एड ३४ र आन्नी ३२ वर्षको हुनुहुन्थ्यो । एउटै क्याम्पस पढेका एड र आन्नीको प्रेम विवाह भएको थियो ।

साना जलविद्युत् केन्द्रमा इञ्जिनीयरका रूपमा एडसँगै बुटवलदेखि आएका अन्य प्राविधिकरस्थानीयवासीखटिएका थिए । त्योबेला बागलुङलगायत देशका विभिन्न जलविद्युत् आयोजना निर्माण गरेका हिमो हाइड्रो इन्जिनीयरिङ प्रालिमामा एड महाप्रबन्धकसमेत भएर काम गर्नुभएको थियो । उहाँले स्याङ्जाको आँधीखोला, तातोपानी, डोटीलगायत ठाउँमा जलविद्युत् आयोजनामा काम गर्नुभयो । सन् १९८५ मा नेदरल्याण्ड फर्केका क्रामर दम्पती १० वर्षपछि सन् १९९५ मा पुनः नेपाल आएका थिए । त्यसयता उनीहरूको नेपाल आउनेजाने क्रम चलि नै रह्यो । पानी व्यवस्थापन विज्ञसमेत रहनुभएका एड सन् २०१२ मा पुनः नेपाल आएर पाल्पाको मिसन अस्पतालमा फोहर पानी सफा गर्ने परियोजनामा काम गर्न थाल्नुभयो । "मिसन अस्पतालको ठूलो खानेपानी ट्याङ्कीको डिजाइन मैले नै गरेको हुँ, फोहर पानी सफा गराउने परियोजना अहिले पनि सञ्चालित छ, यसकै सिलसिलामा अहिले नेपाल आएका हौँ", उहाँले भन्नुभयो । दुई महिनाअघि नेपाल आएका उनीहरू अर्को साता नेदरल्याण्ड फर्कदैछन् । नेपाल रहँदा चार दिन बागलुङमा बिताएको एड्ले बताउनुभयो । यसपालि एडले आफूसँगै ४५ वर्षअघि बागलुङ रहँदा खिचेका तस्बिर पनि साथै लिएर आउनुभएको थियो । त्योबेलाको बागलुङको समाज, संस्कृति, रहनसहन र जीवनशैली झल्काउने २९ थान तस्बिर नेपाल पत्रकार महासङ्घ, बागलुङलाई हस्तान्तरण गर्नुभयो । अहिले पनि फोटोग्राफीमा उत्तिकै रूचि राख्ने एडले बागलुङका पुराना तस्बिरको प्रदर्शनी राख्ने इच्छा रहेको सुनाउनुभयो ।

महासंघ, बागलुङका सचिव नारायण रिजालले प्रतिलिपि अधिकारको सुनिश्चिततासहित एडले खिचेका तस्बिर महासङ्घले सुरक्षित तबरले सङ्ग्रह गर्ने बताउनुभयो । क्रामर दम्पती बागलुङ आएका बेला पहिले आफू बसेको घर र गाउँटोल पुगे । चिनेजानका व्यक्तिगसँग भेटघाट गरे । "सन् २०१२ पछि हरेक वर्षजसो नेपाल आइरहेका छौँ, नेपाल आउँदा बागलुङ आउन पनि छुटाउँदैनौँ", आन्नीले भन्नुभयो, "यहाँ आउँदा ज्यादै रमाइलो लाग्छ, अहिले त बागलुङ पनि धेरै परिवर्तन भइसकेको छ ।" बुटवल, पोखरा, काठमाडौँ, पाल्पालगायतका ठाउँ पुगेर आफूहरू नेदरल्याण्ड फर्कन लागेको उहाँले बताउनुभयो । "हामी फेरि छिट्टै नेपाल आउनेछौँ, नेपालको धेरै माया लाग्छ", आन्नीले भन्नुभयो ।

# बालकल्याणका विद्यार्थी शैक्षिक सामाग्री लिएर गुरुकुलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत




वर्तमान समयमा विद्यार्थीहरूको माया र मित्रता केवल शैक्षिक सफलता सम्म सीमित छैन । पछिल्लो समय सामाजिक सद्भाव, समझदारी, एक अर्काविच आपसी सहयोग अहिले मौलाउँदो छ ।

विश्वभरी विद्यार्थीहरू बिचको सम्बन्ध नङ र मासुको जस्तो देखिन्छ । जहाँ एक सशक्त माया र समर्थनको कथा पाइन्छ । हरेक विद्यालयका विद्यार्थीहरूले एक अर्कासँग मित्रता, सहकार्य र सहायता प्रकट गर्दै विभिन्न गतिविधिहरूमा सहभागी हुँदै आएका छन् । विद्यार्थीहरूको बिचको माया र सहयोगले शैक्षिक वातावरणलाई मात्र सकारात्मक बनाएको छैन । एक अर्कामा मानवीय संवेदनशीलतामा पनि विकास गरेको छ । पोखरा महानगरपालिका वडा नं १३ स्थित बाल कल्याण हाई स्कुलका विद्यार्थीहरुले आँफु जस्तै विद्यार्थीहरुलाई हालै खाद्यवस्तु तथा शैक्षिक सामाग्री वितरण गरेका छन् । पोखरा वडा ३२ स्थित राधाकृष्ण गुरुकुल विद्यालयमा सो सामाग्री वितरण गरेका हुन् । सो कार्यक्रमको मुख्य उद्देश्य शैक्षिक क्षेत्रमा सुधार ल्याउने र अभावमा रहेका विद्यार्थीहरुलाई सहयोग पुऱ्याउने हो । बाल कल्याण स्कूलका प्रधानाध्यापक षडानन्द गौतमले गुरुकुलमा एक वर्षको लागि कापी कलम र खाद्यन्नमा चामाल चिउरा वितरण गर्दै समाजमा सहयोगको भावना फैलाउने प्रयास गरेको भने । यस्ता कार्यक्रममले हरेक विद्यार्थीलाई शैक्षिक गतिविधिमा प्रेरित गर्न मद्दत पुग्नेमा प्रधानाध्यापक गौतमको जोड थियो ।

गुरुकुलमा कक्षा ६ देखी १० सम्म २८ जना विद्यार्थीहरु अध्ययनरत छन् । बाल कल्याणका विद्यार्थीहरुले आगामी दिनहरुमा यस्ता सामाजिक कार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका छन् । राधाकृष्ण गुरुकुल विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र रेग्मीले हामी विद्यार्थीहरूलाई न केवल पाठ्यक्रमका विषयमा उत्कृष्ट बनाउन चाहन्छौं, तर उनीहरूलाई जीवनका वास्तवीक मूल्यहरू जस्तै मित्रता, माया र सहयोगका माध्यमबाट समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्षम बनाउन चाहेको खुलासा गरे । कार्यक्रममा सहभागी राधाकृष्ण गुरुकुल विद्यालयका छात्र अनिष दाहालले यस्था कार्यक्रमले साथीहरूले एक अर्कालाई मनोबल दिने मात्र होइन, अध्ययन र व्यक्तिगत चुनौतीहरूको समयमा पनि समर्थन गर्ने हौसला मिलएको भने । यस्ता सामाजिक कार्यले सम्पूर्ण समाजमा सहयोग र आपसी समझदारीको महत्वपूर्ण सन्देश पनि प्रसार हुने सहभागी गुरुकुलका छात्र रोहित शर्माले भने ।

वाल कल्याण हाइ स्कूलका अध्यक्ष शोभालक्ष्मी पौडेल गौतमको अध्यक्षतामा भएको कार्यक्रममा समितिका सदस्य माधप शरण उपाध्याय लगायत वोलेको कार्यक्रममा बाल कल्याणका शिक्षिका अन्जना तामाङले संचालन गरेकि थिइन् ।

# सङ्कटालाई हराउँदै आर्मी राष्ट्रिय महिला फुटबलको सेमिफाइनलमा

**रासस**
काठमाडौं, ५ चैत

त्रिभुवन आर्मी फुटबल क्लब चितवनमा जारी राष्ट्रिय महिला फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ ।

मंगलबार भएको पहिलो चरणको अन्तिम खेलमा आर्मीले सङ्कटा एफसी काठमाडौंलाई २–० गोल अन्तरले पराजित गऱ्यो । आर्मीको जितमा हिमा चौधरी र चन्द्रा भण्डारीले गोल गरे । पहिलो हाफमा आर्मीलाई रोकेको सङ्कटा दोस्रो हाफमा भने गोल खान पुग्यो । खेलको ५७औँ मिनेटमा हिमाले डि बक्स बाहिरबाट सन्दर गोल गर्दै आर्मीलाई अग्रता दिलाइन् । अतिरिक्त समयको पहिलो मिनेटमा चन्द्राले आर्मीका लागि दोस्रो गोल गरिन् । विमला थापाको पासमा चन्द्राले गोल गरेपछि आर्मी २–० ले विजयी भयो । आर्मीकी हिमा प्लेयर अद दी म्याच भइन् ।

यो खेल सँगै सेमिफाइनल समीकरण पूरा भएको छ । प्रतियोगिताको पहिलो सेमिफाइनलमा बुधबार भरतपुर २४ र एपिएफ एफसी भिड्नेछन् । खेल दिउँसो ४ बजे हुनेछ । दोस्रो सेमिफाइनलमा बिहीबार आर्मीले रौतहटको सामना गर्नेछ । चितवन जिल्ला फुटबल सङ्घको आयोजना तथा भरतपुर महानगरपालिकाको प्रवर्द्धनमा जारी प्रतियोगिताको विजेताले ट्रफीसहित रू तीन लाख तथा उपविजेताले रू एक लाख ५० हजार प्राप्त गर्नेछ ।

यस्तै सर्वोत्कृष्ट खेलाडीले ४० तथा विधागत उत्कृष्टले २० तथा हरेक दिनको प्लेयर अफ दि म्याचले रू १० हजार प्राप्त गर्नेछन् ।

# लाइसेन्स दिने तयारीपछि कर्मकाण्ड र ज्योतिष प्रशिक्षण लिने बढे

**रासस**
काठमाडौं, ५ चैत

पुराण वाचक, ज्योतिषी कर्म र कर्मकाण्ड गर्ने ब्राह्मणको परीक्षा लिएर लाइसेन्स दिने तयारी सुरु भएपछि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिमा प्रशिक्षण लिनेको घुइँचो लागेको छ ।

प्रशिक्षण लिन चाहनेको घुइँचो लागेपछि चैतदेखि छ महिने कार्यक्रम सुरु गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो । ज्योतिष र कर्मकाण्ड प्रशिक्षण लिन चाहनेहरू समितिमा आएर सोधपुछ गर्न थालेपछि सूचना निकालेर यही महिनादेखि प्रशिक्षण दिन थालिएको हो । समितिमा आफैँ खोजी गर्दै करिब तीन दर्जन प्रशिक्षार्थी आएका समितिले जनाएको छ ।

प्रशिक्षण लिन चाहनेमध्ये महिला र अपाङ्गलाई छुटको व्यवस्था पनि गरिएको उहाँले जानकारी दिनुभयो । ज्योतिष प्रशिक्षण लिन जनजाति र दलित पनि आउने गरेका समितिले जनाएको छ । "कर्मकाण्ड प्रशिक्षणमा भने महिलाको पनि रुचि हुने गरेको छ । कर्मकाण्ड प्रशिक्षण लिने धेरै भने ब्राह्मण समुदायका हुने गरेका छन्", ढुङ्गेलले भन्नुभयो । उहाँका अनुसार छ महिने प्रशिक्षणको रु १५ हजार शुल्क तोकिएको छ । यसमा थप परीक्षा शुल्क पनि लाग्ने छ । कथावाचक, ज्योतिषी र कर्मकाण्ड गर्ने पुरोहितलाई नियमन गर्न, करको दायरामा ल्याउन पनि लाइसेन्स उपयुक्त हुने भएकाले सोहीअनुसार तयारी भइरहेको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले बताउनुभयो । उहाँका अनुसार पुराण वाचन गर्न चाहने पण्डितका लागि वाल्मीकि विद्यापीठले यही चैतदेखि एक वर्षे प्रशिक्षण सुरु गरेको छ । यो प्रशिक्षणमा भाग लिने आउनेको पनि सङ्ख्या बढेको छ । पुराण वाचन शास्त्रीय विधिअनुसार नभइरहेको गुनासो बढ्न थालेपछि विद्यापीठका प्राध्यापकहरुको सक्रियतामा यो प्रशिक्षण सुरु गरिएको वाल्मीकिका प्राचार्य अच्युतप्रसाद लामिछानेले बताउनुभयो । उहाँका अनुसार दैनिक एक घण्टा एक वर्षसम्म प्रशिक्षण दिएपछि प्रशिक्षार्थीले शास्त्रीय विधिअनुसार पुराण वाचन गर्नसक्ने छन् ।

# पच्चीस करोड विदेशी मुद्रा बरामद

**रासस**
काठमाडौं, ५ चैत

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले राजधानीबाट करिब रु २५ करोड २२ लाख ४५ हजार बराबरको विदेशी मुद्रा बरामद गरेको छ । राष्ट्र बैङ्कले आजका लागि निर्धारण गरेको विदेशी मुद्रा विनिमय दरअनुसार उक्त मूल्य बराबरको विदेशी मुद्रा बरामद गरेको हो ।

ठूलो परिमाणमा अमेरिकी डलरसहितका विदेशी मुद्रा राजस्व छली गरी ओसारपसार तथा कारोबार गरेको सूचनाका आधारमा कार्यालयबाट खटिइएको टोलीले सोमबार बेलुका टोखा नगरपालिकास्थित झोरबाट उक्त रकम बरामद गरेको हो । ना७ख १६५१ नंको मालवाहक ट्रकको चालक बस्ने ठाउँमा 'फल्सबटम' बनाई लुकाईछिपाई ल्याएको अवस्थामा सवारी चालक सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकाका ४३ वर्षीय कुसाङ लामासहित पक्राउ गरिएको प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो । बरामद गरिएको विदेशी मुद्रामा अमेरिकी डलर एक सय दरका तीन हजार ११९ थान, अमेरिकी डलर ५० दरका १७९, युरो ५०० दरका ११ थान, युरो २०० दरका ४८०, युरो १०० दरका चार हजार १४८ थान, युरो ५० दरका १७ हजार १७७ थान रहेको कार्यालयले आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको हो ।

# भीमगिठे इलाका प्रहरीको भवन निर्माण अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ चैत

जिल्लाको बडिगाड गाउँपालिकास्थित इलाका प्रहरी कार्यालय भिमगिठेको भवन निर्माण अन्तिम चरणमा पुगेको छ । स्थापना भएको १८ वर्षपछि आफ्नै सुविधा सम्पन्न भवन निर्माण हुन लागेको हो ।

जग्गा व्यवस्थापनको पहल थालेको ११ वर्षपछि प्रहरी आफ्नै भवनमा सर्ने भएको हो । बडिगाड गाउँपालिकाको पहलमा सङ्घीय सरकारको रु तीन करोड ६३ लाखमा सुविधा सम्पन्न प्रहरी कार्यालय भवन निर्माण गरिएको हो ।

बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले साढे तीन तलाको सुविधा सम्पन्न प्रहरी कार्यालय भवन र आवासले प्रहरीलाई सहयोग पुग्ने बताउनुभयो । छ वर्षअघि स्थानीयले चन्दा सङ्कलन गरी रु १५ लाख लागतमा पाँच रोपनी जग्गा खरिद गरेपछि भवन निर्माणको पहल थालिएको थियो । इलाका प्रहरी कार्यालय भिमगिठेका प्रमुख प्रहरी नायव निरीक्षक खगेश्वर अर्यालले भवन बनेपछि सेवा प्रदान गर्न सहज हुने बताउनुभयो । रु तीन करोड ६३ लाख लागतमा सुनामी/एसए जेभी निर्माण कम्पनीसँग दुई वर्षअघि प्रहरीको भवन निर्माण गर्न सम्झौता भएको थियो ।


## श्री भद्रकाली माध्यमिक विद्यालय

## चमेना गृह संचालन सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१२/०६ बुधबार

यस विद्यालय परिसरमा रहेको चमेना गृह संचालन गर्न ईच्छुक ईजाजत प्राप्त फर्म तथा कम्पनीबाट देहायको सर्त सुविधाको अधीनमा रही आफूले उपलब्ध गराउन सक्ने दररेट सहित रितपूर्वकको गोप्य शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१) यो सूचना प्रथम पटक प्रकाशित मितिले १५(पन्ध्र) दिनभित्र विद्यालय प्रशासनमा दरभाउपत्र दर्ता गराउनुपर्ने छ ।

२) दरभाउपत्र फारम बापत प्रत्येकले चमेना गृह संचालनका लागि रु. १०००।- अक्षरेपी एक हजार रुपैया मात्र (पछि फिर्ता नहुने गरी) यस विद्यालयको खातामा जम्मा गरेर सक्कल बैंक भौचर बुझाइ दरभाउपत्र फारम प्राप्त गर्न सकिने छ ।

३) दरभाउपत्रका साथ कम्पनी फर्मको दर्ता प्रमाण पत्र, प्यान दर्ताको प्रमाणपत्र, करचुक्ताको प्रमाण र संचालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

४) दरभाउपत्र फारम बुझाउने अवधि सकिएपछि विद्यालयको सम्बन्धित समितिबाट दरभाउपत्र खोलिनेछ ।

५) चमेना गृह संचालन गर्न दरभाउ पत्र स्वीकृत फर्म वा कम्पनीलाई सेवा सम्झौताको लागि जानकारी दिईनेछ । अन्य सर्तहरु सम्झौता पत्रमा भए अनुसार पालना गर्नुपर्ने छ ।

६) चमेना गृह संचालन गर्न छानिएको फर्म वा कम्पनीलाई चयन गर्ने वा दरभाउ पत्र रद्ध गर्ने सम्पूर्ण अधिकार विद्यालय प्रशासनमा सुरक्षित रहनेछ ।

**भद्रकाली माध्यमिक विद्यालय**
**पोखरा-१३, कास्की**
**फोन नं. ०६१-५८३७८७, ५७०४९८, ९८४६०५९४९१**